बैठक संख्या - २ (दुई)

आज मिति २०७९ साल असार २ गते बिहिवारका दिन भानु नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री चण्डिका पौडेल प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री बृन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

एजेण्डा

१. विगतका निर्णयको समीक्षा सम्बन्धमा ।
२. विषयगत समिति गठन सम्वन्धमा
३. नगरसभाको कार्यतालिका तर्जुमा सम्वन्धमा ।
४. विविध ।

निर्णय नं.१ प्रस्ताव १ माथि छलफल गर्दा यस नगर कार्यपालिकामार्फत विगतमा भए गरेका निर्णय तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा व्यापक छलफल तथा समीक्षा गरियो। साथै उक्त बैठकमा भएका निर्णयहरु मध्ये कार्यान्वयन हुन बाँकी कार्यक्रमहरुलाई प्रभावकारी ढंगले यथासमयमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको वार्षिक योजना तर्जुमासँग सम्वन्धित संयन्त्रहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७४ को बुदाँ नं. ४.६ ले प्रावधान गरे अनुसार नगर कार्यपालिकालाई आवश्यकता बमोजिम राय, सल्लाह सुझाव प्राप्त गर्ने प्रयोजनका लागि देहायानुसार विषयगत समिति गठन गर्ने साथै क देखि च सम्मका ६ वटा विषयगत समितिको कार्यकाल एक वर्षको हुने निर्णय गरियो ।

क) आर्थिक विकास समिति:

- संयोजक – श्री अर्जुन बहादुर बोहोरा (४ नं. वडाध्यक्ष)
- सदस्य – श्री कान्छीमाया तामाङ (१ नं. वडाध्यक्ष)
- सदस्य - श्री रविन भुजेल (कार्यपालिका सदस्य)
- सदस्य - श्री राजु सुर्खाली (कार्यपालिका सदस्य)
- सदस्य सचिव - कृषि विकास शाखा प्रमुख

ख) सामाजिक विकास समिति:

- संयोजक - हरिहर उप्रेती (१० नं. वडाध्यक्ष)
- सदस्य - ईश्वर घिमिरे (८ नं. वडाध्यक्ष)
- सदस्य - सकिना खातुन (कार्यपालिका सदस्य)
- सदस्य - वृन्दा रानाभाट (कार्यपालिका सदस्य)
- सदस्य सचिव - सामाजिक विकास शाखा प्रमुख

ग) पूर्वाधार विकास समिति:

- संयोजक - नहकुल अधिकारी (५ नं. वडाध्यक्ष)
- सदस्य - हरिहर उप्रेती (१० नं. वडाध्यक्ष)
- सदस्य - धन बहादुर वि.क.(कार्यपालिका सदस्य)
- सदस्य - अर्जुन बहादुर बोहोरा (४ नं. वडाध्यक्ष)
- सदस्य सचिव - पूर्वाधार विकास शाखा प्रमुख

घ) वातावरण तथा विपद व्यवस्थापन समितिः

- संयोजक - बेल बहादुर अधिकारी (१२ नं. वडाध्यक्ष)
- सदस्य - तुल कुमार गुरुङ्ग (३ नं. वडा अध्यक्ष)
- सदस्य - मिन बहादुर गुरुङ्ग (९ नं. वडाध्क्ष)
- सदस्य - प्रविना थापा मगर (कार्यपालका सदस्य)
- सदस्य सचिव - विपद् व्यवस्थापन शाखा प्रमुख

ङ) विधेयक समितिः

- संयोजक - धिरज खनाल (६ नं. वडाध्यक्ष)
- सदस्य - विमल राज जोशी (११ नं. वडाध्क्ष)
- सदस्य - शान्ता कुमारी मिजार लम्साल (कार्यपालिका सदस्य)
- सदस्य सचिव - कानून तथा न्यायिक समिति सचिवालय हेर्ने कर्मचारी

च) सार्वजनिक सेवा तथा क्षमता विकास समितिः

- संयोजक - खुम प्रसाद श्रेष्ठ (७ नं. वडाध्यक्ष)
- सदस्य - कृष्ण बहादुर अधिकारी (१३ नं. वडाध्क्ष)
- सदस्य - केशवराज त्रिपाठी (२ नं. वडाध्क्ष)
- सदस्य - सावित्री सुनार (कार्यपालिका सदस्य)
- सदस्य सचिव - प्रशासन शाखा प्रमुख

छ) स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति

- संयोजक - आनन्द राज त्रिपाठी (नगर प्रमुख)
- सदस्य - उमा गोतामे (उप प्रमुख)
- सदस्य सचिव - चण्डिका पौडेल (प्र.प्र.अ.)
- सदस्य - कान्छीमाया तामाङ (१ नं. वडाध्यक्ष)
- सदस्य - केशवराज त्रिपाठी (२ नं. वडाध्यक्ष)
- सदस्य - रविन भुजेल (कार्यपालिका सदस्य)
- सदस्य - सकिना खातुन (कार्यपालिका सदस्य)

ज) स्थानीय राजश्व परामर्श समितिः

- संयोजक - उमा गोतामे (उप प्रमुख)
- सदस्य - चण्डिका पौडेल (प्र.प्र.अ.)
- सदस्य - प्रविना थापा मगर (कार्यपालिका सदस्य)
- सदस्य - ईश्वर बहादुर घिमिरे (८ नं. वडाध्यक्ष)
- सदस्य सचिव - राजस्व शाखा प्रमुख

झ) अनुगमन तथा सुपेरिवेक्षण समितिः

- संयोजक - उमा गोतामे (उपप्रमुख)
- सदस्य - हरिहर उप्रेती (१० नं. वडाध्यक्ष)
- सदस्य - अर्जुन बहादुर बोहोरा (४ नं. वडाध्क्ष)
- सदस्य - वृन्दा रानाभाट (कार्यपालिका सदस्य)
- सदस्य सचिव - योजना अनुगमन शाखा प्रमुख

<u>निर्णय नं.३</u> प्रदेश र स्थानीय तहमा सशर्त हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि,२०७८ अनुसार दफा ९ उपदफा १ बमोजिम तपसिल सहकारीहरुः

- भानु कृषि सहकारी संस्था लि. भानु ८, पानसय बगैंचा
- दउराली कृषक समूह भानु ११, टुहुरेपसल
- भानु सहकारी संस्था लि भानु ५, सेपा बगैंचालाई कार्यक्रम सञ्चालनका लागि कार्यक्रम दिने निर्णय गरियो ।

कार्यक्रमको नाम : धान उत्पादन प्रवर्द्धन कार्यक्रम नाम, ठेगाना : भानु कृषि सहकारी संस्था लि. भानु-८ पाँच सय फाँट

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | इकाई | परिमाण | दर | नगरपालिकाको तर्फबाट(रु.) | किसानको तर्फबाट(रु.) | कुल जम्मा(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मल बिउ वितरण( रामधान, सावित्री सुक्खा-२, सुक्खा-३) वितरण | के.जी | २०० | ७० | ७००० | ७००० | १४००० | |
| २ | प्रमाणित बिउ (सावित्री, राम धान, सुक्खा-२, सुक्खा-३) खरिद | के.जी | ३०० | ७० | १०५०० | १०५०० | २१००० | |
| ३ | उन्नत बिउ (सावित्री, राम धान, सुक्खा-२, सुक्खा-३) खरिद | के.जी | १०००० | ७० | ३५०००० | ३५०००० | ७००००० | |
| ४ | जिङ्क सल्फेट वितरण | के.जी | ६०० | १४० | ४२००० | ४२००० | ८४००० | |
| ५ | तालिम | संख्या | १ | ३०००० | ३०००० | ० | ३०००० | |
| ६ | रोग किरा नियन्त्रणमा विषादी वितरण | संख्या | | | २५००० | २५००० | ५०००० | |
| ७ | कुलो निर्माण तथा मर्मत | संख्या | ४ | ८६२५० | २९३२५० | ५१७५० | ३४५००० | लगत इस्टमेट तयार गरी |
| ८ | ढुवानी खर्च | | | | १५००० | ० | १५००० | |
| | जम्मा | | | | ७७२७५० | ४८६२५० | १२५९००० | |

कार्यक्रमको नाम : धान उत्पादन प्रवर्द्धन कार्यक्रम    नाम, ठेगाना : देउराली कृषक समुह, भानु -११, टुहुरेपसल

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | इकाई | परिमाण | दर | नगरपालिकाको तर्फबाट(रु.) | किसानको तर्फबाट(रु.) | कुल जम्मा(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उन्नत मसिनो जातको धानको बिउ वितरण( राम धान, सावित्री) | के.जी | ५००० | ७० | १७५००० | १७५००० | ३५०००० | |
| २ | औजार तथा उपकरण(५०% अनुदान) | | | | | | | |
| २.१ | मिनि टिलर ७ हर्स.पावर मदानी सहित | संख्या | २ | ८०००० | ८०००० | ८०००० | १६०००० | |
| २.२ | मिनि टिलर ५.५ हर्स.पावर मदानी सहित | संख्या | १ | ७६००० | ३८००० | ३८००० | ७६००० | |
| २.३ | कम्बाइन मिल | संख्या | १ | ४४००० | २२००० | २२००० | ४४००० | |
| २.४ | च्याफ कटर | संख्या | १ | ३५००० | १७५०० | १७५०० | ३५००० | |
| ३ | शुक्ष्म तत्व (जिङ्क सल्फेट) | के.जी | ६०० | १४० | ४२००० | ४२००० | ८४००० | |
| ४ | तालिम | संख्य | १ | ३०००० | ३०००० | ० | ३०००० | |
| ५ | रोग किरा नियन्त्रणमा बिषादी वितरण | संख्या | | | २५००० | २५००० | ५०००० | |
| ६ | साना सिंचाई | संख्या | २ | ८६२५० | १४६६२५ | २५८७५ | १७२५०० | लगत इस्टमेट तयार गरी |
| ७ | जातीय प्रदर्शनी (अनती, कालो झिनुवा, मसिनो) | रोपनी | ३ | २००० | ६००० | ० | ६००० | |
| ८ | ढुवानी खर्च | | | | १५००० | ० | १५००० | |
| | जम्मा | | | | ५९७१२५ | ४२५३७५ | १०२२५०० | |

| कार्यक्रमको नाम : धान उत्पादन प्रवर्द्धन कार्यक्रम | | | | नाम, ठेगाना : भानु सहकारी संस्था लि. भानु-५ सेपाबगैंचा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | इकाई | परिमाण | दर | नगरपालिकाको तर्फबाट(रु.) | किसानको तर्फबाट(रु.) | कुल जम्मा(रु.) | कैफियत |
| १ | उन्नत मसिनो जातको बिउ वितरण(रामधान,सुक्खा-३, सावित्री) ५०% अनुदान) | के.जी | २००० | ७० | ७०००० | ७०००० | १४०००० | |
| २ | औजार तथा उपकरण५०% अनुदान) | | | | | | | |
| ३ | मिनि टिलर ७ हर्स.पावर | संख्या | ३ | ७६००० | ११४००० | ११४००० | २२८००० | |
| २.२ | कम्वाइन मिल | संख्या | ३ | ४४००० | ६६०० | ६६००० | १३२००० | |
| ३ | शुक्ष्म तत्व (जिङ्क सल्फेट) | के.जी. | ६०० | १४० | ४२००० | ४२००० | ८४००० | |
| ४ | तालिम | संख्या | ३ | ३०००० | ९०००० | ० | ९०००० | |
| ५ | रोग किरा नियन्त्रणमा विषादी वितरण | संख्या | | | ५०००० | ५०००० | १००००० | |
| ६ | साना सिचाई | संख्या | ३ | ८६२५० | २१९९३८ | ३८८१३ | २५८७५० | लागत इस्टमेट तयार गरी गर्ने |
| | जम्मा | | | | ७७२७५० | ४८६२५० | १२५९००० | |

निर्णय नं.४ विगतमा आएको बाढी पहिरोबाट क्षतिग्रस्त बाटोको सरसफाइका लागि तपसिल बमोजिमका मोटर मार्गहरु सरसफाइका लागि देहाय बमोजिम विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | बाटोको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १२ | चन्द्रावती मिर्लुङकोट मोटर मार्गका | रु.२९५०००। | |
| २. | १० | रामपुरे आरुखर्क मोटर मार्गका लागि | रु.३८००००। | |
| ३. | १० | विभिन्न बाटो | रु.३७८८७०। | |
| ४. | १३ | चन्द्रावतीबाट विर्ता सम्म | ३९५०००। | |
| ५. | ७ | विभिन्न बाटो | ४१००००। | |
| ६. | ९ | विभिन्न बाटो | ३५१०००। | |
| ७. | ११ | कुञ्छा कालिमाटी सडक मार्ग | १३४३३५.६८। | |
| ८. | ११ | राम्चे कामी गाउँ | ३९१९२। | |

निर्णय नं.५ यस नगरपालिका वडा नं. ९ मा पर्ने ज्यामिरे थुम्की जाने बाटो निर्माण गर्नको रु.४०००००। अक्षरुपी चार लाख) लाग्ने र नगरपालिकाबाट रु.२००००० (अक्षरुपी दुई लाख विनियोजन भएकोमा बाँकी रु.२००००० (अक्षरुपी दुई लाख दिने निर्णय गरियो ।

निर्णय नं.६ भानु नगर शिक्षा समितिको मिति २०७८।०७।१४ को बैठकबाट निर्णय भई स्वीकृतिका लागि पेश भएको प्रस्तावहरु मध्ये यस नगरपालिकाको प्राथमिक तहको शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने क्रममा ४२ जना खुद पुल दरबन्दी मध्ये हालसम्म २९ जना अवकाश तथा सरुवा भई रिक्त भैसकेको र बाँकी १३ (तेह) जना शिक्षकहरुको व्यवस्थापन गर्ने क्रममा रिक्त दरबन्दी नदेखिएको हुनाले नियुक्तिका आधारमा कनिष्ठ महिला शिक्षकहरुलाई अन्य जिल्लामा पठाउनुपर्ने अवस्था देखिएको हुँदा निजहरुलाई यसै नगरपालिका अन्तर्गतका विद्यालयहरुमा समायोजन गर्नका लागि भानुका विभिन्न विद्यालयमा कार्यरत निवृत्तीभरण हुने अवधि पुरा भएका जेष्ठ शिक्षकहरुलाई नगरपालिकाको आन्तरिक स्रोतबाट जनही रु. ५०,००० (अक्षरुपी पचास हजार) सुविधा दिई स्वच्छिक अवकाश लिनका लागि प्रस्ताव आहान गर्ने र सोको लागि प्राप्त निवेदनहरु मध्ये अनिवार्य अवकासको उमेर (साठी वर्ष) पुग्न सबैभन्दा बढी अवधि बाँकी भएका प्राथमिक तहका शिक्षकहरुमध्येबाट छनौट गरी अवकाश लिन लगाउने र तत्पश्चात रिक्त भएका दरबन्दीमा खुद पुलमा रहेका १३ जना शिक्षकहरुलाई समायोजन पदस्थापना गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरी अनुमोदनका लागि पेश भएको प्रस्ताव अनुमोदन गर्ने र सो प्रकृयामा गत २०७८ मंसीर १ गतेबाट चैत्र मसान्त सम्म स्वेच्छिक अवकाश लिएका सबै शिक्षकहरुलाई सहभागी हुन पाउने गरी व्यवस्था गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.७ उपर्युक्त विविध निर्णय नं. ६ वमोजिम शिक्षक अवकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सामुदायिक शिक्षकको स्वेच्छिक अवकास योजना तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८ लाई स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं.८ राष्ट्रिय युवा परिषदद्वारा जारी गरिएको र यस नगरपालिकामा कार्यान्वयनका लागि अनुमोदन भएको युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिम चालु आवमा सशर्त कार्यक्रमको रुपमा प्राप्त भएको युवाक्लब गठन तथा नमूना युवा संसद सञ्चालन कार्यक्रम बमोजिम उक्त कार्यविधिको दफा ६ को उपदफा (१) खण्ड (ङ) बमोजिम यस पालिकामा यहि मिति २०७९।०३।०५ देखि सञ्चालन हुने नमूना नगर सभा अभ्यास कार्यक्रमका लागि भानु नगरपालिकाका १६ देखि २४ वर्ष उमेर समूहका देहायका युवाहरुलाई मनोनित गरी सहभागी गराउने निर्णय गरियो ।

| क सं | युवाको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सुनिता बि.क. | भानु ६ | |
| २ | माधव घिमिरे | भानु ८ | |
| ३ | सुजाता नेपाली | भानु ६ | |
| ४ | रोशन सुर्खाली | भानु ६ | |
| ५ | सुजन लामा | भानु २ | |
| ६ | संगीता श्रेष्ठ | भानु ६ | |
| ७ | पुजा ढकाल | भानु २ | |

निर्णय नं.९ राष्ट्रिय महाधिवेशनबाट भानु नगरपालिकाको प्रमुख श्री आनन्दराज त्रिपाठीज्यू यूनेस्को क्लबको राष्ट्रिय महासंघको हालै सम्पन्न केन्द्रीय अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोले हार्दिक बधाइ तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.१० विगत केहि दिन देखि भानु नगरपालिका क्षेत्र भित्र परेको अविरल वर्षाका कारण भएको बाढी, पहिरोले पुऱ्याएको पूर्वाधार क्षेती, मानवीय क्षेति एंव अन्य आर्थिक, सामाजिक, भौतिक क्षेतिको प्रतिकार्य, पुनस्थापना एंव पुर्ननिर्माण र राहत कार्यका लागि नगरपालिकाको स्रोत पर्याप्त नहुने हुँदा तत्काल यस्ता कार्यमा सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रबाट समेत सहयोग प्राप्त हुने गरी विपद व्यवस्थापन कोषमा सहयोग आव्हान गर्ने निर्णय गरियो ।